आज मिति २०७५ साल भाद्र ८ गते शुक्रबारका दिन यस गौरीगंज गाउँपालिकाका अध्यक्ष श्री बाबुराजा श्रेष्ठ ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

**उपस्थितिहरु**

| पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|
| श्री बाबुराजा श्रेष्ठ | अध्यक्ष | |
| श्री दिपिन्द्र थापा | उपाध्यक्ष | |
| श्री कार्त्तिक लाल राजवंशी | वडा अध्यक्ष, वडा नं. १ | |
| श्री अघनु प्रसाद राजवंशी | वडा अध्यक्ष, वडा नं. २ | |
| श्री मखना महतो | वडा अध्यक्ष, वडा नं. ३ | |
| श्री कुल प्रसाद गिरी | वडा अध्यक्ष, वडा नं. ४ | |
| श्री विजय प्रसाद सिंह | वडा अध्यक्ष, वडा नं. ५ | |
| श्री बद्री नारायण यादव | वडा अध्यक्ष , वडा नं. ६ | |
| श्री रीता तामाङ्ग | कार्यपालिका सदस्य | |
| श्री सरिता शेर्पा | कार्यपालिका सदस्य | |
| श्री राधा अधिकारी | कार्यपालिका सदस्य | |
| श्री लीला देवी गन्गाई | कार्यपालिका सदस्य | |
| श्री भिम प्रसाद राजवंशी | कार्यपालिका सदस्य | |
| श्री जेठा मुर्मु | कार्यपालिका सदस्य | |
| श्री राज कुमार शाक्य | प्र.प्र.अ., सदस्य सचिव | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

Scanned by CamScanner

**प्रस्ताव नं. १ : स्थायी बन्ध्याकरण क्याम्प संचालन सम्बन्धमा ।**

निर्णयः यस गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र, खजुरगाछीमा नेपाल परिवार नियोजन संघ, झापाको सहकार्यमा स्थायी बन्ध्याकरण शिविर यहि मिति २०७५ आश्विन १, २ र ३ गते गरिने भएको हुदा उक्त शिविर संचालनका लागि बन्ध्याकरण शिविर अगावै म.स्वा.से.संग छलफलका लागि सशर्त कार्यक्रमतर्फ रु. ३५ हजार र लामो अवधिको जन्मान्तरको लागि सेटलाइट सेवाका लागि रु. ३३ हजार विनियोजन भएको र शिविरको व्यवस्थापनका लागि नपुग हुने रकम साझेदारी कार्यक्रम अर्न्तगत विनियोजित रकमबाट रु. ५५ हजार रकम विनियोजन गरी नेपाल परिवार नियोजन संघ, झापासंग सहकार्यमा संचालन गर्ने भनि निर्णय गरियो ।

प्रस्ताव नं. २ : **घरनक्सा पास दस्तुर मिलान सम्बन्धमा ।**

निर्णय : यस गाउँपालिका स्थापना पश्चात घरनक्सा पास प्रकृया शुरु नभएको अवस्थामा कतिपय वडा कार्यालयहरुले नक्सा प्रमाणित गरी घरनक्सा पास दस्तुर लिइ सम्वन्धित निकायहरुमा सिफारिस गरी पठाएको देखिन्छ । उक्त सिफारिस घरनक्सा पास सम्वन्धित प्रक्रिया पुरा नभई गएको कारणले त्यस्ता घरहरुको नक्सा प्रमाणित गरी सिफारिस लिई प्रक्रिया पुरा नभएका घरनक्सा पास प्रकृया पुरा गर्नका लागि पुनः गाउँपालिकामा निवेदन सहित निर्मित घरको नक्सा पेश गरी प्रकृयामा आउनु पर्ने र उक्त प्रकृयामा पुनः घरनक्सा दस्तुर लिदा सम्बन्धित घरधनिलाई एउटै काममा दोहोरो कर लाग्न जाने अवस्था सृजना भएकोले यस गौरीगंज गाउँपालिका स्थापना भई सकेपछि कुनै पनि वडा कार्यालयहरुले लिएको दस्तुरलाई कट्टा गरी बाकी दस्तुर बुझाई घरनक्सा पास प्रकृयालाई अघि बढाई अघिल्लो पटक वडा कार्यालयमा भुक्तानी गरेको रकमको रसिदलाई आधार मानी रकम मिलान गर्न पाउने व्यवस्था गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३ : **कर्मचारीहरुको अतिरिक्त सुविधा सम्बन्धमा ।**

निर्णय : यस गौरीगंज गाउँपालिकाले यस गौरीगंज गाउँपालिका तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत निजामती, स्थानीय निकाय र करार तर्फका कर्मचारीहरुलाई चालु आ.ब. २०७५/०७६ मा खाजा तथा इन्धन खर्च बापत निम्नानुसारको नगदै सुविधा उपलव्ध गराउने भनि सर्वसम्मत निर्णय गरियो ।



Scanned by CamScanner

निजामती तथा स्थानीय निकायका स्थायी कर्मचारीहरुलाई मासिक रुपमा खाजा खर्च र संचार खर्च नगदै उपलव्ध गराउने ।

| क्र.सं. | पद | खाजा खर्च | संचार खर्च | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ३००० | ३००० | ६००० |
| २ | अधिकृत स्तर | २५०० | २५०० | ५००० |
| ३ | नायब सुब्बा,खरिदार | १५०० | १५०० | ३००० |
| ४ | का.स. | १००० | १००० | २००० |

गाउँपालिकाका करारतर्फका सबै तहका कर्मचारीहरुलाई दैनिक खाजा खर्च बापत हाजिर भएको प्रति दिनको रु. ५०।०० का दरले  नगदै उपलव्ध गराउने ।

**प्रस्ताव नं. ४ : साझेदारी कार्यक्रम सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिकाको मिति २०७५ भाद्र ३० गते बसेको गाउँपालिकाको बैठकले साहारा नेपाल, झापासंग यस गाउँपालिका भित्र रहेका गरिब विपन्न परिवारलाई प्रति घर निर्माण रु. १ लाख ५० हजारका दरले ३० घरपरिवारको आवास निर्माण गर्न लाग्ने कुल खर्च रकम रु. ४५ लाख मध्ये यस गाउँपालिकासंगको साझेदारी कार्यक्रम अर्न्तगत यस गा.पा. द्धारा रु. २२ लाख ५० हजार विनियोजन हुने गरी साझेदारी कार्यक्रमका लागि मिति २०७५।४।२१ मा पत्राचार गरिएको हुँदा उक्त साहारा नेपाल, झापासंग साझेदारी कार्यक्रम अर्न्तगत गरिब विपन्नहरुका लागि आवास निर्माण अर्न्तगत रु. २२ लाख ५० हजार विनियोजन गरी अनुमोदन गर्ने भनि निर्णय भएकोमा उक्त आवास निर्माण कार्यक्रम अर्न्तगत तपसिलमा उल्लेखित वडाहरुमा संचालन गर्ने र उक्त आवास संख्यामा वृद्धि गरी ३५ वटा घर निर्माण गर्नुपर्ने भएकोले उक्त साझेदारी कार्यक्रमका लागि रु. २६ लाख २५ हजार साझेदारी कार्यक्रममा विनियोजित रकमबाट विनियोजन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल</u>**

| वडा नं. | टोल | संख्या |
|---|---|---|
| ४ | बेलगाछी बालुगाउँ | ११ |
| ५ | हरिरा | १२ |
| ६ | दमाईडाडा र माझी टोल | १२ |



Scanned by CamScanner

**प्रस्ताव नं. ५ : विधेयक मस्यौदा समिति गठन सम्बन्धमा ।**

निर्णयः यस गाउँपालिकाले निर्माण गर्नुपर्ने विभिन्न कानून तथा नियमहरु हालसम्म निर्माण गर्न नसकिरहेको अवस्थामा गाउँपालिकाको कार्यप्रक्रियाको सहजिकरण र सरलताका लागि विभिन्न कानून निर्माण गर्नु अति आवश्यक भई सकेको छ । त्यस कारण गाउँपालिकालाई प्राप्त विभिन्न नमुना कानूनहरुलाई आधारमानी गाउँपालिकाको कानून मस्यौदा गर्न तपसिल अनुसारको समिति गठन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

(१) संयोजक श्री दिपिन्द्र थापा, उपाध्यक्ष

(२) सदस्य श्री राज कुमार शाक्य, प्रमुख प्रशासकीय अधिकृत

(३) सदस्य श्री रिता तामाङ्ग

साथै यस समितिले कानून मस्यौदाको क्रममा आवश्यकता अनुसार विषयगत शाखा प्रमुख तथा विषयगत समितिका संयोजकलाई सहभागी गराउने साथै कानूनी तथा अन्य विज्ञहरुबाट राय सुझाव समेत लिन सक्नेछ र कानूनको मस्यौदा निर्माण पश्चात गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

Scanned by CamScanner